# घरपझोङ राजपत्र

**घरपझोङ गाउँपालिकाद्वारा प्रकाशित**

**खण्ड : ६) जोमसोम, कार्तिक २५ गते, २०८२ साल (संख्या : ०६)**

## भाग - २

**घरपझोङ गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय, मुस्ताङको**
**सूचना !**

**कृषि तथा पशुपालन उपज उत्पादन तथा यान्त्रिकरण सामाग्री अनुदान कार्यक्रम कार्यविधि, २०८२**

**प्रस्तावनाः-**

घरपझोङ गाउँपालिका क्षेत्र भित्रमा भएका बिभिन्न कृषि तथा पशुपालन व्यवसायमा इच्छा भएका संगठित एवं असंगठित कृषकहरुलाई तिनीहरूको स्थितिमा सुधार ल्याउन, स्वरोजगारमा बृद्धि गर्न, कृषि तथा पशुजन्य उपजमार्फत आत्मनिर्भर बनाउन कृषकहरुलाई यान्त्रिकरण सामाग्रीको प्रयोग गरी कम समय र कम लागतमा स्याउ, ओखर, आलु, तरकारी तथा अन्य खेती साथै पशुपालन, माछापालन, कुखुरापालन लगायतका कार्यक्रम सञ्चालन गर्नका लागि आवश्यक अनुदान उपलब्ध गराउन कानुनी व्यवस्था गर्न वाञ्छनीय भएकोले स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ११ को उपदफा २(ण) र दफा १०२ को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी घरपझोङ गाउँपालिकाको कार्यपालिकाद्धारा यो कार्यविधी स्वीकृत गरी लागु गरिएको छ।

## परिच्छेद १

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः**

(क) यो कार्यविधिको नाम "**कृषि तथा पशुपालन उपज उत्पादन तथा यान्त्रिकरण सामाग्री अनुदान कार्यक्रम कार्यविधि, २०८२**" रहेको छ ।

(ख) यो कार्यविधि घरपझोङ गाउँ कार्यपालिकाबाट स्वीकृत भएपछि प्रारम्भ हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

(क) **"गाउँपालिका"** भन्नाले घरपझोङ गाउँपालिकालाई सम्झनु पर्दछ।

(ख) **"प्रमुख प्रशासकीय अधिकृत"** भन्नाले घरपझोङ गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्दछ।

(ग) **"शाखा प्रमुख"** भन्नाले घरपझोङ गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालयका सम्बन्धित शाखाको प्रमुखलाई सम्झनु पर्दछ।

(घ) **"कार्यपालिका"** भन्नाले घरपझोङ गाउँपालिका, गाउँ कार्यपालिकालाई सम्झनु पर्दछ ।

(ङ) **“कार्यालय"** भन्नाले घरपझोङ गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय सम्झनु पर्दछ ।

(च) **"कार्यक्रम"** भन्नाले कृषकलाई कृषि तथा पशु विकास कार्यक्रममा अनुदान सम्बन्धी कार्यक्रम सम्झनु पर्दछ ।

(छ) **"शाखा"** भन्नाले घरपझोङ गाउँपालिका अन्तर्गत रहेको कृषि विकास शाखा र पशु सेवा शाखा सम्झनु पर्दछ ।

(ज) **"समिति"** भन्नाले यस कार्याविधि बमोजिम गठन हुने समिति सम्झनु पर्दछ ।

(झ) **"अनुदानग्राही/लाभग्राही"** भन्नाले घरपझोङ गाउँपालिकामा कृषि तथा पशुपालन पेशामा संलग्न यस कार्यविधि बमोजिम अनुदान प्राप्त गर्ने/गर्न योग्य कृषकलाई सम्झनुपर्दछ।

## परिच्छेद-२

## उद्देश्यहरू

३. **उद्देश्यहरुः**

(क) सिमान्तकृत तथा अन्य आयस्तर कमजोर भएका समुदाय लक्षित कृषि खेती (स्याउ, ओखर, आलु, लगायत अन्य कृषि बाली, जौ, फापर, मकै जस्ता परम्परागत रैथाने बाली, तरकारी बाली आदी) जस्ता कृषि कार्य र पशुपन्छीपालन, घाँसेवाली खेती,

तथा मत्स्यपालन कार्यक्रम सञ्चालन गरी उनीहरुलाई कृषि तथा पशुपन्छी पालनका क्षेत्रमा सशक्तीकरण तथा मूलप्रवाहिकरण गर्ने ।

(ख) कृषि उपज सामाग्रीको उत्पादन र उत्पादकत्वमा टेवा पुर्याउने ।

(ग) कृषकलाई कृषि क्षेत्रमा आकर्षित गर्ने र पालिकाको कृषि उपज सामाग्रीको आयात प्रतिस्थापन गर्ने ।

(घ) लक्षित वर्गको खाद्य तथा पोषण सुरक्षामा टेवा पुर्याउने ।

(ङ) लक्षित वर्गलाई रोजगारीको अवसर सिर्जना गरी आयआर्जनका माध्यमद्वारा जीविकोपार्जनमा सुधार गर्ने ।

(च) लक्षित कार्यक्रमहरुलाई प्रभावकारी, सरल र पारदर्शी रूपमा सञ्चालन गर्ने।

(छ) गाउँपालिकाबाट प्रदान गरिने अनुदानलाई व्यवस्थित, निष्पक्ष र पारदर्शी बनाउने।

(ज) व्यावसायिक कृषि तथा पशुपालक कृषकहरुलाई प्रोत्साहन गर्ने।

## परिच्छेद- ३

## क्षेत्र सम्बन्धी व्यवस्था

४. **कार्यक्रमका क्षेत्र सम्बन्धी व्यवस्था:**

(१) कार्यक्रमको क्षेत्र घरपझोङ गाउँपालिकाका सम्पूर्ण वडा वा निश्चित वडा भित्र मात्र पनि रहन सक्नेछ ।

(२) बिषयगत क्षेत्र : कार्यक्रमका विषयगत क्षेत्रहरु देहाय बमोजिम हुनेछन,

**कृषि क्षेत्र तर्फ**

(क) कृषि उपज उत्पादन (खनिज तेल, मल, चुन, निलोतुथो, कपर स्टिम पेष्ट, टनेल, आदि) खरिदमा अनुदान

(ख) कृषि व्यवसाय प्रवर्द्धनको लागि यान्त्रिकरण खरिदमा अनुदान

(ग) वीउ बिजन र बिरुवा (स्याउ, ओखर लगायत अन्य) खरिदमा अनुदान

(घ) कृषि उपजको उत्पादन क्रियाकलापहरु (संकलन, प्रशोधन, बजारीकरण तथा मूल्य अभिवृद्धि ) मा अनुदान

(ङ) बिषादी खरिदमा अनुदान

(च) कृषि संरचना निर्माणमा अनुदान

(छ) जौ, उवा, फापर,मकै जस्ता परम्परागत रैथाने बाली संरक्षण तथा प्रवर्द्धनमा अनुदान

(ज) मुला, रायो साँग, बन्दा, सलगम आदी वीउ खरिदमा अनुदान

(झ) मल खरिद ढुवनीमा अनुदान

**पशुपन्क्षी क्षेत्र तर्फ**

(क) प्रजननको लागि भाले तथा पोथी याक/ नाक/ भेडा/ थुमा/ बाख्रा/ बोका खरिद तथा ढुवानीमा अनुदान

(ख) बाख्रा खरिदमा अनुदान

(ग) बंगुरको पाठापाठी खरिदमा अनुदान

(घ) उन्नत जातको गाई, स्थानीय लुलु गाई खरिद तथा ढुवानीमा अनुदान

(ङ) कुखुरा, हाँसको खोर निर्माणमा अनुदान

(च) बाख्रा/गाईको खोर/गोठ र याक चौरी गोठहरु निर्माण तथा खर्क सुधार कार्यक्रममा अनुदान

(छ) माछापोखरी निर्माण/माछा भुरा खरिद तथा ढुवानीमा अनुदान

(ज) कृषक, कृषक समुह/सहकारी, पशु श्रोतकेन्द्र, निजि तथा सामुहिक पशुपालन फर्मको अभिलेखीकरण

(झ) कुखुराको चल्ला खरिद तथा ढुवानीमा अनुदान

(ञ) हिउँदे,बर्षे,बहुबर्षे घाँसको विउ खरिद तथा ढुवानीमा अनुदान

(ट) हे, साईलेज, हेलेज सुकेको घाँस(ढिम्छी,कोते आदी) पराल जस्ता हिउँदको समयमा खुवाउने घाँसहरु खरिद तथा ढुवानीमा अनुदान

(ठ) दुध उत्पादनको लागि उन्नत जातको गाई खरिद तथा ढुवानीमा अनुदान

(ड) पशुपन्क्षी, माछापालनका लागि आवश्यक यान्त्रिकरण सामाग्री खरिद तथा ढुवानीमा अनुदान

(ढ) डेरी पसल र फ्रेस हाउस निर्माण र मर्मत तथा सुधारको लागी ५० प्रतिशत सम्म अनुदान उपलब्ध गराउन सकिनेछ।

## परिच्छेद-४

## अनुदान सम्बन्धी मापदण्ड

५. **अनुदान सम्बन्धी मापदण्डः** **(१)** प्रस्ताव तथा कार्यक्रमको औचित्यको आधारमा निम्नानुसार अनुदान प्रदान गरिनेछ।

**१. कृषि क्षेत्र तर्फः**

(क) कृषि उपज उत्पादन सामाग्रीः बढिमा ५० प्रतिशत सम्म

(ख) वीउ बिजन र बिरुवाः बढिमा ५० प्रतिशत सम्म

(ग) उत्पादनोपरान्त क्रियाकलापहरुः बढिमा ५० प्रतिशत सम्म

(घ) बिषादीः पशु औषधीमा १०० प्रतिशत अनुदान (कृषि शाखामा रहने र कृषकहरुलाई आवश्यकताको आधारमा वितरण गर्ने)

(ङ) मेशिनरी औजार तथा कृषि उपकरणहरुमाः बढिमा ५० प्रतिशत सम्म (मिनि टिलर, थ्रेसर, पावर स्प्रेयर, मकै छोडाउने मेसिन, मकै रोप्ने मेसिन, ब्रस कटर, इलेक्ट्रिक स्प्रे र अन्य उपकरणहरुमा)

(च) कृषि संरचना निर्माणमा ५० प्रतिशत अनुदान

(छ) मल खरिद तथा ढुवानीमा ५० प्रतिशत अनुदान

**२.पशुपंक्षीपालन क्षेत्र तर्फः** गाउँपालिकाले सम्पुर्ण पशु विकास कार्यक्रमको लागि देहाय बमोजिम अनुदान उपलब्ध गराउन सक्नेछ ।

(क) **५० प्रतिशत अनुदान वा (गाई भैसीको हकमा बढीमा रु. ५०,०००/-सम्म अनुदान)**

१. गाईको हकमा प्रति कृषक कम्तीमा १ (एक वटा) उन्नत तथा लुलु गाई जातको गाई प्रजनन् योग्य उमेरको बढीमा ३ बेत ब्याएको माउ खरिद गर्नुपर्नेछ ।

२. याक चौरीको हकमा प्रति कृषक कम्तिमा १ (एक वटा) प्रजनन् योग्य याक /नाक खरिद गर्नुपर्नेछ (नाकको हकमा बढीमा ३ बेत ब्याएको हुनु पर्नेछ) ।

३. भेडा /बाख्राको हकमा एक सदस्यको लागि बढीमा दुई वटा भेडा /बाख्रा वा पाठीको लागि अनुदान रकम उपलब्ध गराईनेछ र उक्त भेडा /बाख्रा प्रजनन्को लागि उमेर पुगेको हुनुपर्नेछ ।

४. बङ्गुरको पाठापाठीको हकमा एक सदस्यलाई बढीमा दुई वटा सम्म पाठापाठी उपलब्ध गराईनेछ र त्यस्तो पाठापाठी उमेर र जात अनुसारको शारीरिक वृद्धि भएको हुनुपर्नेछ।

५. माछापोखरी निर्माण/माछा भुरा खरिद तथा ढुवानीमा अनुदान।

६. कुखुरा /हाँसको खोर निर्माण कुखुरा तथा खोर निर्माणको अनुदानको हकमा कम्तीमा पचास वटा पंन्छी अट्ने खोर निर्माण गर्नुपर्नेछ ।

७. गाई/भैंसीको गोठ निर्माण गाई/भैंसीको गोठ र याक चौरी गोठहरु निर्माण तथा खर्क सुधार कार्यक्रममा अनुदान उपलब्ध गराउन सकिनेछ।

८. पशुपन्क्षी, माछापालनका लागि आवश्यक यान्त्रिकरण सामाग्री खरिद तथा ढुवानीमा अनुदान।

९. डेरी पसल र फ्रेस हाउस निर्माण र मर्मत तथा सुधारको लागी ५० प्रतिशत सम्म अनुदान उपलब्ध गराउन सकिनेछ।

१०. कुखुराको चल्ला खरिद तथा ढुवानीमा ५० प्रतिशत अनुदान उपलब्ध गराउन सकिनेछ।

११. हिउँदे घाँसको वीउ, डाले घाँस बेर्ना हिउँदको समयमा खुवाउने हे (कोते ,ढिम्छी), साईलेज, हेलेज, सुकाएको घाँस तथा पराल खरिद तथा ढुवानीमा ५० प्रतिशत अनुदान उपलब्ध गराउन सकिनेछ।

**प्रजनन् योग्य भन्नालेः**

- गाईको हकमा उमेर- बढिमा ५/६ बर्ष उमेर पुगेको हुनुपर्ने, कम्तीमा चार थुन बराबर दुरीमा भएको हुनुपर्ने, गाईको हकमा दैनिक १० देखि १२ लीटर दुध दिने, (लुलु गाई बाहेक) जातको, कुनै पनि रोग नलागेको, गाई बढीमा ३ बेतको हुनुपर्नेछ।
- याक/चौंरीको हकमा उमेर- बढिमा ३ बर्ष पुगेको हुनुपर्ने।
- पाठीको हकमा २ बर्ष उमेर पुगेको र तौल १५-२५ के.जी सम्मको हुनुपर्ने।
- बोका/थुमाको हकमा, उमेर- बढिमा २ बर्ष उमेर पुगेको हुनुपर्ने।
- तौल- थुमा २५-४० के.जी. सम्मको हुनुपर्ने।
- बोका २०-३५ के.जी. सम्मको हुनुपर्ने।
- च्याङ्ग्रा बोकाको हकमा १५-३० के.जी. सम्मको हुनुपर्ने।
- बङ्गुरको हकमा, कम्तीमा ४५ दिन उमेर पुगेको पाठा/पाठी हुनुपर्नेछ।
- चल्लाको हकमा कम्तीमा ८ हप्ता उमेर पुगेको ब्रुडिङ गरेको चल्ला हुनुपर्नेछ ।

(ख) <u>१०० प्रतिशत अनुदान</u>

१. पशु सेवा शाखा र प्रत्येक वडा कार्यालयको पशु सेवा क्षेत्र हेर्ने प्राविधिकको सल्लाह बमोजिम पशु उपचारको लागि आवश्यक पशु औषधि खरिद तथा ढुवानीमा १०० प्रतिशत अनुदान दिन सक्नेछ।

२. गाउँपालिकामा व्यवसाय दर्ता गरी याक, नाक र भेडा च्याङ्ग्रा पालन गरेका किसानहरुलाई आवश्यकता बमोजिम सामान्य सर्जिकलका सामानहरु निःशुल्क उपलब्ध गराईनेछ।

## परिच्छेद ५

## <u>कार्यक्रम सञ्चालन प्रक्रिया</u>

६. **<u>कार्यक्रम सञ्चालन प्रक्रिया</u>** : यस कार्यक्रमलाई घरपझोङ गाउँपालिका, कृषि विकास शाखा र पशु सेवा शाखाबाट सञ्चालन गरिनेछ।

**७. <u>प्रस्ताव आह्वान</u>:**

(१) अनुदान कार्यक्रम सञ्चालन गर्नको लागि अनुसूची-१ बमोजिमको ढाँचामा गाउँपालिकाले निश्चित अवधी तोकी सार्वजनिक सूचना प्रकाशित गरी प्रस्ताव आह्वान गरी निवेदन माग गर्न सक्नेछ। सो सूचना गाउँपालिकाको कार्यालय तथा वडा समितिको कार्यालयमा समेत टाँस गर

गर्नुपर्नेछ।

(२) उपदफा (१) सम्बन्धित कृषक/कृषक समूह/कृषि सहकारी/कृषि तथा पशुपन्क्षी फर्म/ माछा फर्म/ कृषि तथा पशुपालन समितिले अनुसूची (२) बमोजिम निवेदन दिन सक्नेछन।

**८. <u>निवेदन संकलन</u>:** (१) दफा ७ को उपदफा (१) बमोजिम सूचना प्रकाशित भएपछि कृषक/कृषक समूह/कृषि सहकारी/कृषि तथा पशुपन्क्षी फर्म/ माछा फर्म/ कृषि तथा पशुपालन समितिले वडा कार्यालय वा सम्बन्धित शाखा कार्यालयमा तल तोकिए अनुसारको कागजात सहित आवेदन दिनुपर्नेछ ।

(क) व्यक्तिगत निवेदन, स्वघोषणा पत्र साथै कृषि गरेको विवरण (अनुसूची-२ र अनुसूची-३)

(ख) वडा कार्यालयको दोहोरो सुविधा नलिएको सिफारिस (अनुसूची ४ )

(ग) नेपाली नागरिकताको प्रतिलिपि।

(घ) कृषक/कृषक समूह/कृषि सहकारी/कृषि तथा पशुपन्क्षी फर्म/ माछा फर्म/ कृषि तथा पशुपालन समितिको हकमा प्रचलित ऐन बमोजिम सम्बन्धित निकायमा दर्ता र नवीकरण भएको प्रमाणपत्र साथै कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि।

(ङ) कृषक/कृषक समूह/कृषि सहकारी/कृषि तथा पशुपन्क्षी फर्म/ माछा फर्म/ कृषि तथा पशुपालन समितिको हकमा कार्यसमितिको बैठकले अनुदान माग गरेको निर्णयको प्रतिलिपि।

(च) जग्गाधनी प्रमाणपुर्जाको प्रतिलिपि र जग्गा भाडामा लिएको भए प्रचलित नियम बमोजिम कम्तीमा ५ बर्षका लागि भाडामा लिएको खुल्ने कागजातको प्रतिलिपि।

(२) घरपझोङ गाउँपालिका भित्रका कृषक/कृषक समूह/कृषि सहकारी/कृषि तथा पशुपन्क्षी फर्म/ माछा फर्म/ कृषि तथा पशुपालन समितिले तोकिएको समय भित्रमा दफा ८ को उपदफा (१) बमोजिमका आवश्यक कागजात सहित निवेदन दिन सक्नेछन।

(३) दफा ८ को उपदफा (१) बमोजिम आएका आवेदनहरु घरपझोङ गाउँपालिकाको सम्बन्धित शाखामा दर्ता गराउनु पर्नेछ।

**परिच्छेद ६**

## छनौट प्रक्रिया

**९. छनौट प्रक्रियाः**

(१) दफा ८ बमोजिम पेश हुन आएका आवेदकहरुलाई सम्बन्धित शाखाको अनुगमन प्रतिवेदनको आधारमा निर्देशक एवं छनौट समितिमा पेश गरिनेछ।

(२) निर्देशक एवं छनौट समितिः उपदफा (१) बमोजिमको निर्देशक एवं छनौट समिति देहाय बमोजिम हुनेछ।

| | | |
|---|---|---|
| (क) | गाउँपालिका उपाध्यक्ष | - संयोजक |
| (ख) | प्रमुख प्रशासकीय अधिकृत | - सदस्य |
| (ग) | सम्बन्धित वडाका वडा अध्यक्ष | - सदस्य |
| (घ) | आर्थिक विकास समिति संयोजक | - सदस्य |
| (ङ) | प्रमुख, कृषि विकास शाखा | - सदस्य |
| (च) | प्रमुख, पशु सेवा शाखा | -सदस्य |

उल्लेखित समितिमा कृषि विकास शाखाको कार्यक्रममा पशु सेवा शाखाको प्रमुख सदस्य र कृषि विकास शाखा प्रमुख सदस्य-सचिव रहनेछ, त्यसैगरी पशु सेवा शाखाको कार्यक्रममा कृषि विकास शाखाको प्रमुख सदस्य र पशु सेवा शाखाको प्रमुख सदस्य-सचिव रहनेछ । छनौट समितिमा आवश्यकताअनुसार अन्य शाखाका शाखा प्रमुखहरु पनि रहन सक्नेछन। सम्बन्धित विषयमा आवश्यक परेमा माथिको समितिले ३ सदस्यीय उपसमिति बनाउन सक्नेछ।

(३) प्राप्त भएका आवेदनहरु मध्येबाट अनुदानग्राहीको छनौट गरि सार्वजनिक सूची प्रकाशन गरिनेछ। उक्त सूची उपर कुनै गुनासो वा निवेदन भएमा उक्त छनौट समितिमा पेश गर्न सकिनेछ।

(४) अनुदानग्राहीको सूची परिमार्जन गर्नुपर्ने भएमा परिमार्जन संसोधन गरी पून: प्रकाशन गरिनेछ र यदि संसोधन गर्नु नपर्ने भएमा प्रथम पटकको सूचीलाई नै मान्यता दिईनेछ।

(५) **छनौटका आधारहरुः-**

कृषक छनौटका आधार देहाय बमोजिम हुनेछन ।

(क) आयश्रोत न्यून भएका कृषक परिवार।

(ख) दलित, जनजाति, एकल महिला, अपाङ्गता भएका महिला तथा पुरुष।

(ग) व्यवसायिक फर्म दर्ता तथा व्यवसायमा निरन्तर लागेको कृषक परिवार, कृषि, कृषि कम्पनी /सहकारी/समिति/कृषक समूह।

(घ) पशुपालन व्यवसायलाई अंगालन सक्ने अभिरूचि भएका कृषक।

(ङ) विदेशबाट फर्की नेपालमै कृषि तथा पशुपालन व्यवसाय गर्ने इच्छाशक्ति भएको युवा ।

(च) गाई, बाखा, याक तथा बंगुरपालनमा आफ्नो गोठ तथा खोरको व्यवस्था भएकोलाई प्राथमिकता दिइने।

(छ) चरन तथा पशु आहारको व्यवस्था गर्न सक्ने ।

(ज) खोर निर्माण अनुदानको हकमा कम्तीमा बीस वटा स्थानीय वा उन्नत जातको कुखुरा हाँसपालन गरिएको।

(झ) कुखुराको चल्ला अनुदानको हकमा कुखुराको खोर बनाई उचित आहारापानीको साथ कम्तिमा १० वटा साना ठुला कुखरा पालेको ।

(ञ) अघिल्ला आर्थिक बर्षहरूमा अनुदान रकम नलिएको, औजार उपकरणको हकमा अघिल्ला तीन आर्थिक वर्षहरुमा अनुदान नलिएको।

(६) **लाभग्राहीहरूले पालना गर्नुपर्ने शर्तहरूः** कार्यक्रम सञ्चलनका लागि देहाय बमोजिमका शर्तहरू पालन गर्नुपर्नेछ।

(क) लाभग्राहीले अनुदान प्राप्त गरे पश्चात अनिवार्य रूपमा सम्बन्धित अनुदानको अधिकतम उपयोग हुने गरी कृषि/पशु व्यवसाय सञ्चालन गरेको हुनुपर्नेछ।

(ख) अनुदानमा उपलब्ध गरिएको कृषि/पशु यन्त्र उपकरणहरू कृषि कार्यको समय कृषि कार्यमा प्रयोग नगरी अन्य गैर कृषि कार्यमा प्रयोग गर्न पाइने छैन ।

(ग) कृषकको लागत साझेदारीमा सञ्चालित कार्यक्रमको कृषक वा संस्थाद्वारा व्यहोर्ने रकम घरपझोङ गाउँपालिकाको आन्तरिक अनुदान खातामा जम्मा गरी बैंक भौचर पेश गर्नुपर्नेछ।

(घ) कृषक वा संस्थाले अनुदानमा कृषि/पशु सामाग्री प्राप्त गरि सकेपछि आफू/आफ्नो समुह वा संस्था भित्रनै प्रयोग गर्नु पर्नेछ। अन्य निकाय वा स्थानमा बिक्रि वितरण गर्न पाईने छैन। यदि बिक्री वितरण गरिएको पाइएमा प्रचलित कानून बमोजिम कारवाही हुनेछ।

(ङ) कृषक वा संस्थाले कुनैपनि औजार उपकरण प्राप्त गरिसकेपछि प्राप्त उपकरणको मर्मत संभार तथा सञ्चालनमा आफै जिम्मेवार हुनु पर्नेछ।

(च) अनुदान वापत प्राप्त उपकरण/सामाग्री अरुलाई हस्तान्तरण गर्न/बेचविखन गर्न पाईने छैन, यस्तो कार्य गर्ने वा सम्झौता बमोजिम अनुदान उपयोग नगर्ने कृषकलाई प्रचलित कानून बमोजिम कारबाही गरी यस्तो कृषकलाई यस कार्यक्रमबाट वञ्चित गरिनेछ।

## परिच्छेद ७

## अनुगमन र भुक्तानी

**१०. अनुगमन सम्बन्धी व्यवस्था:**

(१) यस कार्यक्रमको अनुगमन आवश्यकताअनुसार गाउँपालिकाको अनुगमन समिति, वडा समिति र सम्बन्धित विषयगत शाखाहरूले गर्नेछन।

**११. भुक्तानी :**

१. कृषि क्षेत्र तर्फको दफा ५ को उपदफा १ को (ङ) र (च) बाहेक व्यक्तिगत कृषक/कृषक समुह/कृषक सहकारी तथा कृषक फर्मको हकमा प्रति कृषक/कृषक समुह/कृषक सहकारी तथा कृषक फर्मलाई कृषि उपज सामाग्रीहरु अनुदानमा प्रदान गर्दा जनसहभागिता बापत लाग्ने रकम गाँउपालिकाको आन्तरिक विविध खर्च खातामा जम्मा गरि एकमुष्ट सामान खरिद गरेपश्चात सम्बन्धित आपूर्तिकर्तालाई गाँउपालिकाले सोझै भूक्तानी गर्न सक्नेछ।

२. पशु क्षेत्र तर्फ दफा ५ को उपदफा (२) (क) को १० र ११ को हकमा व्यक्तिगत कृषक/कृषक समुह/कृषक सहकारी तथा कृषक फर्मलाई पशु सम्बन्धी अनुदान प्रदान गर्दा जनसहभागिता बापत लाग्ने रकम गाँउपालिकाको विविध खर्च खातामा जम्मा गरी एकमुष्ट सामान खरिद गरेपश्चात सम्बन्धित आपूर्तिकर्तालाई गाँउपालिकाले सोझै भूक्तानी गर्न सक्नेछ।

३. उपदफा (१) र (२) बाहेक अन्य अनुदान कार्यक्रमको हकमा अनुसूची-५ बमोजिम सम्झौता गरी उपदफा (४) बमोजिम भुक्तानी गरिनेछ।

४. निर्देशक तथा छनौट समितिको निर्णय सहितको सिफारिस, अनुगमन समितिको प्रतिवेदनएवम् कार्यपालिकाको निर्णयबमोजिम कार्यसम्पन्न भएपछि सम्बन्धित अनुदानग्राही/लाभग्राही/आपूर्तिकर्ताको खातामा अनुदान रकम भुक्तानी दिईनेछ ।

५. सम्झौतामा उल्लेख भए बमोजिम कार्य नगरेमा गाउँपालिकाले त्यस्ता अनुदानग्राहीलाई उपदफा (३) बमोजिम भुक्तानी दिन बाध्य हुने छैन।

६. पशुपंक्षीको हकमा बिमा अनिवार्य हुनुपर्नेछ।

## परिच्छेद ८

## विविध

**१२. बाधा अड्काउ फुकाउ :** यस कार्यविधिको कार्यान्वयनमा कुनै बाधा उत्पन भएमा समितिले निर्णय गरी त्यस्तो निर्णय कार्यपालिकाबाट स्वीकृत वा अनुमोदन गर्नुपर्नेछ।

**१३.प्रचलित कानुन बमोजिम हुने :** यस कार्यविधिमा लेखिएका विषयमा यसै कार्यविधि बमोजिम र नलेखिएको विषयमा प्रचलित कानुन बमोजिम हुनेछ।प्रचलित संघीय र प्रदेश कानुनसँग बाझिएमा बाझिएको हदसम्म अमान्य हुने भई प्रचलित संघीय र प्रदेश कानुन नै लागू हुनेछ ।

**१४.संशोधन:** यो कार्यविधिको कार्यान्वयनलाई थप व्यवस्थित र प्रभावकारी बनाउन गाउँपालिकाले आवश्यकता अनुसार यस कार्यविधिमा थपघट, हेरफेर तथा संशोधन गर्न सक्नेछ।

**१५.खारेजी र बचाउ :** यस भन्दा अगाडी यस गाउँपालिकाबाट संचालन भएका कृषि तथा पशु क्षेत्रसँग सम्बन्धित कार्यक्रम तथा अनुदानहरू यसै कार्यविधि बमोजिम भएको मानिनेछ।

## *अनुसूची-१*

## प्रस्ताव आह्वान सम्बन्धी सूचना

## सूचना नं.

**प्रथम पटक सूचना प्रकाशित मिति ..................**

**सूचना ।** **सूचना ।।** **सूचना।।।**

यस घरपझोङ गाउँपालिकाको आ.व........... को बार्षिक स्वीकृत कार्यक्रम अन्तर्गत..................कार्यक्रम सञ्चालन गरिने भएको हुँदा यस गाउँपालिका भित्रका इच्छुक कृषक/ कृषक समूह/कृषि सहकारी/समिति/कृषि तथा पशुपंक्षी फर्म/माछा फर्म/ कृषि तथा पशुपालन समितिबाट कार्यक्रम कार्यान्वयन गर्न निवेदन दिनको लागि यो सूचना प्रकाशित गरिएको छ।यो सूचना प्रकाशित भएको मितिले ........ दिनभित्र तपशिल बमोजिमका कागजात संलग्न गरि सम्बन्धित शाखा/वडा कार्यालयमा पेश गर्नुहुन अनुरोध छ। साथै रित नपुगेका र म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरु छनौटका लागि समावेश हुन नसक्ने व्यहोरा समेत सूचित गरिन्छ।प्रस्ताव पत्र/निवेदनको ढाँचा र कृषक विवरणको ढाँचा सम्बन्धित शाखा/वडा कार्यालयबाट प्राप्त गर्न सकिनेछ।

निवेदन साथ संलग्न गर्नुपर्ने कागजातहरुः

(क) व्यक्तिगत निवेदन, व्यक्तिगत स्वघोषण पत्र र कृषि गरेको विवरण (अनुसूची २ र अनुसूची ३)

(ख) वडा कार्यालयको दोहोरो सुबिधा नलिएको सिफारिस (अनुसूची ४ )

(ग) नेपाली नागरिकताको प्रतिलिपि।

(घ) कृषक/ कृषक समूह/कृषि सहकारी/समिति/कृषि तथा पशुपंक्षी फर्म/ माछा फर्म/ कृषि तथा पशुपालन समितिको हकमा प्रचलित ऐन बमोजिम सम्बन्धित निकायमा दर्ता र नविकरण भएको प्रमाणपत्र साथै कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि।

(ङ) कृषक/ कृषक समूह/कृषि सहकारी/कृषि तथा पशुपंक्षी फर्म/ माछा फर्म/ कृषि तथा पशुपालन समितिको हकमा कार्यसमितिको बैठकले अनुदान माग गरेको निर्णयको प्रतिलिपि।

(च) जग्गाधनी प्रमाणपुर्जाको प्रतिलिपि र जग्गा भाडामा लिएको भए प्रचलित नियम बमोजिम कम्तीमा ५ बर्षका लागि भाडामा लिएको खुल्ने कागजातको प्रतिलिपि।

## अनुसूची-२

## निवेदन फारमको नमुना

**श्री कृषि/पशु शाखा प्रमुख ज्यू,**
**घरपझोङ गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय,**
**जोमसोम, मुस्ताङ।**

**विषयः कृषि/पशु विकास कार्यक्रमको लागि अनुदान पाउँ भन्ने बारे।**

प्रस्तुत विषयमा तहाँ कार्यालयको मिति..........................मा प्रकाशित सूचना अनुसार म/यस...............................................ले गाउँपालिकाको सहयोगमा निम्न लिखित अनुदान कार्यक्रम सञ्चालनका लागि सूचनामा तोकिए बमोजिमका कागजात संलग्न राखि यो दरखास्त पेश गरेको/गरिएको छु/छ। कृषि तथा पशुपालन उपज उत्पादन तथा यान्त्रिकरण अनुदान कार्यक्रम कार्यविधि, २०८२ र अन्य प्रचलित कानुन बमोजिमका सर्तहरु पालना गर्न मन्जुर छु/छौ

| क्र. स | कार्यक्रमको नाम | कृषि/पशु सामाग्रीको नाम | विवरण | आवश्यक परिमाण |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

**निवेदक**

............................

सम्पर्क नं ..................................

**स्वघोषणा पत्र**

घरपझोङ गाउँपालिका द्वारा सञ्चालन हुने.......................................................................कार्यक्रमका लागी म/हामी ले उक्त कार्यक्रमबाट प्राप्त गर्ने अनुदान कहि कतैबाट हाल सम्म प्राप्त नगरेको स्वघोषणा गर्दछु/गर्दछौं ।

उपर्युक्त व्यहोरा ठीक, साँचो हो । झुठ्ठा ठहरे कानुन बमोजिम सहुँला, बुझाउँला ।

| क.स | आवेदकको नामथर | नागरिकता नं र लिएको जिल्ला | हालको ठेगाना र सम्पर्क नं | हस्ताक्षर |
|---|---|---|---|---|
| | | | | |

## अनुसूची-३

## कृषि विकास कार्यक्रमको लागि अनुदान उपलब्ध गराउने कार्यक्रममा सहभागि हुने कृषकको विवरण

क) कृषकको नामः

ख) स्थायी ठेगानाः

ग) खेति गरिएको जम्मा क्षेत्रफलः

घ) स्याउको क्षेत्रफल र संख्याः

ङ) ओखरको क्षेत्रफल र संख्याः

च) किविको क्षेत्रफल र संख्याः

छ) तरकारी लगाएको क्षेत्रफलः

ज) आलु बालिको क्षेत्रफल र उत्पादनः

झ) खेति नगरि राखेको बाझो जमिनको क्षेत्रफलः

ञ) उवा/जौ/फपर खेतिको क्षेत्रफलः

संस्थाको हकमा (कृषक/कृषक समूह/कृषि सहकारी/कृषि तथा पशुपंक्षी फर्म/ माछा फर्म/ कृषि तथा पशुपालन समिति)

(क) संस्थाको नामः

(ख) ठेगनाः

(ग) संस्था गठन भएको मितिः

(घ) संस्थाको उदेश्यः

(ङ) मासिक बचतः छ () छैन ()

(च) संस्था कार्यान्वयनको प्रमाण

(छ) (क) निर्णय () (ख) नगद खाता () (ग) बैंक खाताको विवरण ()
(घ) दर्ता प्रमाण पत्र () (ङ) अचल सम्पतिको स्वामित्वको प्रमाण पत्र ()

(ज) संस्थाको सदस्य विवरण

| क्र.स. | सदस्यको नाम | स्थायी ठेगाना | खेति योग्य जमिन/बालि |
|---|---|---|---|
| | | | |

## अनुसूची-४

## पशु विकास कार्यक्रमको लागि अनुदान उपलब्ध गराउने कार्यक्रममा सहभागि हुने कृषकको विवरण

(क) कृषकको नाम

(ख) स्थायी ठेगना

(ग) जम्मा गाई को संख्या/ गोठको अवस्था

(घ) जम्मा बाख्राको संख्या

(ङ) जम्मा भेडाको संख्या

(च) जम्मा बङ्गुरको संख्या

(छ) जम्मा कुकुरको संख्या

(ज) जम्मा याक/नाकको संख्या

(झ) घाँसको अवस्था

**संस्थाको हकमा** (कृषक/कृषक समूह/कृषि सहकारी/कृषि तथा पशुपंक्षी फर्म/ माछा फर्म/कृषि तथा पशुपालन समिति)

(क) संस्थाको नाम

(ख) ठेगाना

(ग) संस्था गठन भएको मिति

(घ) संस्थाको उदेश्यः

(ङ) मासिक बचतः छ ()  छैन ()

(च) संस्था कार्यान्वयनको प्रमाण

(छ) (क) निर्णय ()  (ख) नगद खाता ()  (ग) बैंक खाताको विवरण ()
(घ) दर्ता प्रमाण पत्र ()  (ङ) अचल सम्पतिको स्वामित्वको प्रमाण पत्र ()

(ज) संस्थाको सदस्य विवरण

| क्र.स. | सदस्यको नाम | स्थायी ठेगाना | पशुपंक्षी संख्या |
|---|---|---|---|
| | | | |

**अनुसूची-५**

**सम्बन्धित वडाको सिफारिस पत्र**

**श्री कृषि/पशु विकास शाखा प्रमुख ज्यू,**
**घरपझोङ गाउँपालिका जोमसोम, मुस्ताङ।**

**विषयः सिफारिस गरिएको बारे।**

तहाँ शाखाको मिति..........................मा प्रकाशित सूचना अनुसार..................................... कृषक/ कृषक समूह/कृषि सहकारी/कृषि तथा पशुपंक्षी फर्म/ माछा फर्म/ कृषि तथा पशुपालन समितिले घरपझोङ गाउँपालिका वडा नं..........को..........क्षेत्रफल/संख्या.......भएको जग्गामा ...............अनुदान कार्यक्रम संचालनको लागि सिफारिस गरिएको बेहोरा अनुरोध छ। साथै निजले अन्य कार्यकमबाट यस प्रकारको दोहोरो सुबिधा नलिएको व्यहोरा समेत जानकारीको लागि अनुरोध छ।

.....................
**वडा अध्यक्ष**

## अनुसूची-६
## सम्झौता पत्रको नमूना

**घरपझोङ गाउँपालिका कृषि विकास/ पशु सेवा शाखा अन्तर्गतको..........................................कार्यक्रम सञ्चालनसँग सम्बन्धित सम्झौता पत्र**

**सूचना/सम्झौता नं. ............**

**मिति......................**

कृषि तथा पशुपालन उपज उत्पादन तथा यान्त्रिकरण सामाग्री अनुदान कार्यक्रम कार्यविधि, २०८२ र निर्देशक तथा छनौट समितिको मिति........................... को निर्णय बमोजिम यस घरपझोङ गाउँपालिका अन्तर्गतको .................................... कृषक/ कृषक समूह/कृषि सहकारी/कृषि तथा पशुपंक्षी फर्म/ माछा फर्म/ कृषि तथा पशुपालन समिति (यस पछि दोस्रो पक्ष भनिने) र घरपझोङ गाउँपालिका (यस पछि प्रथम पक्ष भनिने) बीच देहाय बमोजिमको शर्त पालना गर्ने गरी यो सम्झौता-पत्रमा हस्ताक्षर गरी एक/एक प्रति लियौं/दियौं।

१. सम्झौता गर्ने पक्ष र योजना

१. घरपझोङ गाउँपालिका अन्तर्गतको श्री .................................... कृषक/ कृषक समूह/कृषि सहकारी/कृषि तथा पशुपंक्षी फर्म/ माछा फर्म/ कृषि तथा पशुपालन समितिबाट सम्झौता गर्ने

(क) आधिकारिक प्रतिनिधिः

(ख) नामः

(ग) ठेगानाः

२. योजना/कार्यक्रम स्थलको विवरणः

(क) घरपझोङ गाउँपालिका वडा नं. ......... गाउँ/टोल.............................

३. योजना/कार्यक्रम कार्यान्वयन अवधि

(क) शुरु हुने मितिः

(ख) सम्पन्न गर्नु पर्ने मितिः

२. योजना/कार्यक्रम अन्तर्गत सन्चालन हुने कृयाकलाप सम्बन्धी विवरणः

(१) कार्यक्रमको नामः

(२) कार्यक्रमको किसिमः

(३) कार्यक्रमबाट प्रत्यक्ष लाभान्वित हुने

(क) कृषक परिवार संख्याः

(ख) जनसंख्याः

(ग) समुदायः

(घ) दलित/जनजातिः

३. सम्झौताका शर्तहरुः

(१) यो सम्झौता पत्र घरपझोङ गाउँपालिकाको आ.ब.........अन्तर्गतको ..........................................................कार्यक्रम कार्यान्वयन गर्न ...................................... कृषक/ कृषक समूह/कृषि सहकारी/कृषि तथा पशुपंक्षी फर्म/ माछा फर्म/ कृषि तथा पशुपालन समिति र घरपझोङ गाउँपालिका बीच ................................................अनुदान सहयोग गर्ने प्रयोजनको लागि प्रयोग गरिनेछ। यस ........................................... कृषक/ कृषक समूह/कृषि सहकारी/कृषि तथा पशुपंक्षी फर्म/ माछा फर्म/ कृषि तथा पशुपालन समितिमा देहाय बमोजिम स्पेशिफिकेशन अनुसारको ............................... अनुदान सामग्री खरिद एंव व्यवस्थापन गरिने छ।

| क्र.स | खरिद सामग्रीको नाम | स्पेशिफिकेशन | परिमाण | कैफियत |
|---|---|---|---|---|
| | | | | |

(२) सम्झौता पत्रमा हस्ताक्षर गरेको मितिदेखि यो सम्झौता प्रारम्भ भएको मानिनेछ।

(३) दोस्रो पक्षले सम्झौतामा हस्ताक्षर भएपछि तत्काल काम सुरु गर्नुपर्नेछ।

(४) दोस्रो पक्षले यस योजना सञ्चालनको लागि सम्झौता गरिएको क्रियाकलापहरुको लागतमा तोकिएको रकमको सीमाभित्र रही सामान खरिद गरेको बिल भर्पाइ पेश गर्नुपर्नेछ।यसरी लागत रकम भन्दा कम रकमको बिल भर्पाई पेश भएमा बिल भर्पाइको पचास प्रतिशत रकम प्रथम पक्षले भुक्तानी गर्नेछ।दोस्रो पक्षले तोकेको लागत रकमको सीमाभन्दा बढी रकमको सामाग्री खरिद/कृषि संरचना निर्माण गरी बिल बिजक पेश गरेको खण्डमा लागत रकम भन्दा बढी रकममा अनुदान उपलब्ध हुनेछैन। रकम भूक्तानी हुदा नियम अनुसारका कर कट्टी हुनेछ।

(५) दोस्रो पक्षले यसै योजना सम्बन्धी अनुदान अन्य संस्थाबाट लिएको/नलिएको खुल्ने गरि स्वघोषणा गर्नुपर्नेछ।यदि अन्य निकायबाट अनुदान लिएको ठहरिएमा दोस्रो पक्ष स्वयम जिम्मेवार हुनुपर्नेछ।

(६) दोस्रो पक्षले योजना अन्तर्गत क्रियाकलापहरु सञ्चालन गर्दा प्रथम पक्ष अन्तर्गतका सम्बन्धित प्राविधिकले दिएको निर्देशन अनुसार गर्नुपर्नेछ।

(७) दोस्रो पक्षले योजना अन्तर्गत सञ्चालन भएको क्रियाकलापहरुको कार्य सम्पन्न प्रतिवेदन सम्बन्धित प्राबिधिकबाट तयार गरि/ गराई प्रत्यक्ष लाभान्वित कृषकहरुको बैठक निर्णयबाट अनुमोदन गराएपश्चात सम्झौता बमोजिमको अनुदान रकम भुक्तानी दिईनेछ। यसरी भुक्तानी पाउन दोस्रो पक्षले अनिवार्य रुपमा तोकिएको लागत साझेदारी प्रतिशत सहितको कार्य सम्पन्न प्रतिवेदन पेश गर्नुपर्नेछ।

(८) दोस्रो पक्षको लापरवाहीको कारणबाट कार्य सम्पन्न नभई हानी नोक्सानी तथा अन्यत्र बिक्री वितरण भएको पाईएमा त्यसको सम्पूर्ण जिम्मेवारी सम्बन्धित.............................. कृषक/ कृषक समूह/कृषि सहकारी/कृषि तथा पशुपंक्षी फर्म/ माछा फर्म/ कृषि तथा पशुपालन समितिको हुनेछ र त्यस्तो अवस्थामा प्रथम पक्ष भुक्तानी दिन बाध्य हुनेछैन।

(९) दोस्रो पक्षले योजना/ अनुदान कार्य शुरु गर्नु भन्दा पूर्व, संचालन हुदै गरेको र सम्पन्न भए पश्चातको फोटोहरु अन्तिम भुक्तानीको लागि पेश गरिने बिल भरपाईका साथमा अनिवार्य रुपमा संलग्न गर्नुपर्नेछ। साथै सम्बन्धित यान्त्रिकरणमा र टनेल निर्माणमा गाउँपालिकाबाट अनुदानमा प्राप्त भएको व्यहोरा स्पष्ट उल्लेख हुनुपर्नेछ र सो फोटोमा समेत देखिएको हुनुपर्नेछ।

(१०) प्रथम पक्षले सम्झौता बमोजिम खर्च रकमको बिल भरपाई सहितको कार्य सम्पन्न प्रतिवेदन दोस्रो पक्षबाट प्राप्त भए पश्चात रु.................। (अक्षरुपी......................रुपैंया) मा नबढ्ने गरी नियमानुसारको मु.अ.कर र १.५ प्रतिशत अग्रिम कर कट्टा गरि दोस्रो पक्षलाई भुक्तानी गराईनेछ। दोस्रो पक्षले भुक्तानी पाउन अनिवार्य रुपमा सक्कल विल विजक पेश गर्नुपर्नेछ।

(११) दोस्रो पक्षले कृषि उत्पादनको लागि लिएको अनुदान रकम................खरिद कार्यमा प्रयोग नगरी हिनामिना भएको देखिएमा वा विविध कारणबस खरिद समाग्रीको हानी नोक्सानी हुन गएमा प्रचलित नियम कानून बमोजिम दिइएको अनुदान रकम दोस्रो पक्षबाट असुल उपर गरिनेछ।

(१२) अनुदान रकम वा सामाग्री हस्तान्तरण भई सकेपछि सोको मर्मत सम्भार (पशु उपचार) सम्बन्धी सम्पूर्ण कार्य दोस्रो पक्ष आफैले गर्नु पर्नेछ।

(१३) योजना/ अनुदान सम्बन्धी दोस्रो पक्ष र प्रथम पक्ष बीच कुनै विवाद आएमा प्रथम पक्षको निर्देशक एवं छनौट समितिको निर्णय अन्तिम हुनेछ।

(१४) दोस्रो पक्षले समयमा कार्य सम्पन्न गर्न नसकेमा सम्झौता बमोजिमको रकम भुक्तानी दिन प्रथम पक्ष बाध्य हुने छैन।

(१५) यस सम्झौतामा केहि थपघट गर्नुपर्ने भएमा प्रथम पक्षले आवश्यकता अनुसार थपघट गर्न सक्नेछ।

(१६) यो सम्झौतामा उल्लेख भएका कुराहरुमा यसै बमोजिम र अन्य कुराहरमा प्रचलित कानून बमोजिम हुनेछ।

उपरोक्त बमोजिम कार्य गर्न मन्जुर छु/छौ भनी दस्तखत गर्ने:

**प्रथम पक्षको तर्फबाट**

नाम थरः

पदः

दस्तखतः

मितिः

| साक्षी १ | साक्षी २ |
|---|---|
| नामः | नामः |
| पदः | पदः |
| दस्तखतः | दस्तखतः |

**दोस्रो पक्षको तर्फबाट**

कृषक/ कृषक समूह/कृषि सहकारी/कृषि तथा पशुपंक्षी फर्म/ माछा फर्म/ कृषि तथा पशुपालन समितिबाट प्रतिनिधि नामः

प्रतिनिधित्व गर्ने कृषक/ कृषक समूह/कृषि सहकारी/कृषि तथा पशुपंक्षी फर्म/ माछा फर्म/ कृषि तथा पशुपालन समितिको नामः

ठेगानाः

दस्तखतः

संस्थाको छापः

| साक्षी १ | साक्षी २ |
|---|---|
| नामः | नामः |
| पदः | पदः |
| दस्तखतः | दस्तखतः |

**आज्ञाले,**

...................................

वेदहरि अधिकारी

घरपझोङ गाउँ कार्यपालिकाको

**प्रमुख प्रशासकीय अधिकृत**

मितिः २०८२/०७/२५